# आर्थिक वर्ष २०८२/०८३ को
# नीति तथा कार्यक्रम

खार्पूनाथ गाउँपालिका/नगरपालिका
हुम्ला जिल्ला
कर्णाली प्रदेश
२०८२

कर्ण बहादुर रावल
अध्यक्ष

**सम्मानित उपाध्यक्ष ज्यू ,**
**जिल्ला समन्वय समिति सदस्यज्यू**
**गाँउसभाका सदस्य ज्यूहरु,**
**प्रमुख प्रशासकिय अधिकृत ज्यु, लगायत सम्पुर्ण कर्मचारी वर्गहरु**
**उपस्थित महानुभावहरु,**
**सुरक्षाकर्मि तथा पत्रकार मित्रहरु,**

१. यस खार्पूनाथ गाँउपालिकाको १७ औं गाउसभा तथा बजेट अधिवेशन तथा गाँउ सभामा आर्थिक बर्ष २०८२।०८३ को बार्षिक निति तथा कार्यक्रम पेश गर्दैगर्दा गौरववान्वित ठानेको छु । बार्षिक निति तथा कार्यक्रम तर्जुमाका क्रममा गाँउपालिकालाइ सुझाव दिनुहुने सम्पुर्ण आमा बुवा दाजुभाइ दिदी बहिनी लगाएत सल्लाहकार सवैलाइ हार्दिक आभार सहित खार्पुनाथ गाँउपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनैतिक अग्रगमन र लोकतन्त्रको सवलिकरणको क्रममा भएका ऐतिहाँसिक आन्दोलनहरुमा आफ्नो जिवन उत्सर्ग गर्नु हुने ज्ञात, अज्ञात शहिद हरु तथा यस खार्पुनाथ गाँउपालिकाका पुर्व उपाध्यक्ष श्री स्व. सिन्धु शाही र पुर्व ४ नं वडा अध्यक्ष स्व लोकजंग हमाल प्रति भावपुर्ण श्रद्धानजली व्यक्त गर्दछु ।
**'खार्पुनाथ गाँउपालिकाको समृद्धीको आधार' 'कृर्षी, जडीबुटी, पर्यटन र पुर्वाधार'** भन्ने मुल ध्येयलाइ साकार पार्न हाम्रो संकलप सहित प्रस्तावित निति तथा कार्यक्रम तर्जुमा गर्दा मुलत: नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकार सूची, स्थानिय सरकार संचालन ऐन २०७४, आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु, स्थानीय तहको आबधिक योजनाले तय गरेका प्राथमिकताहरु, नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण

कर्ण वहादुर रावल
अध्यक्ष

सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, पुर्ण सरसफाई, उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु, स्थानीय तहको मध्यकालिन खर्च संरचना MTEF अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु, स्थानीय तहले देखेका विविध विषयहरु, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन, गैर सरकारी कार्यालयहरुको प्राप्त विवरण र बजेट सिलिङ, सहभागिता मुलक योजना तर्जुमा अनुरुप बस्ती/ टोल स्तरबाट छनौट गरिएका आयोजना/ कार्यक्रम, वडा स्तरीय आयोजना/ कार्यक्रमहरुको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी गाँउ कार्यपालिका बाट स्वीकृत गरी सार्वजनिकरणका लागि यो गरिमामय गाँउ सभामा आगामी आ.व.२०८२।०८३ को निति तथा कार्यक्रम पेश गरेको छु ।

प्राकृतिक सौन्दर्यता, साँस्कृतिक विविधता मेहनती र परिश्रमी जनता र भौगोलिक विशिष्टता र सुन्दरता यस गाँउपालिकाको गहनाको रुपमा रहेको छ । कृषि तथा औषधिजन्य जडिबुटीहरु, पर्यटन जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको खार्पूनाथ गाँउपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक साँस्कृतिक आर्थिक विकास हुन सकेको छैन । यद्यपि उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोंच दृढ संकल्प र सामुहिक ईच्छाशक्तिका साथ यस खार्पूनाथ गाँउपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी खार्पूनाथ गाँउपालिकाका जनताहरुले हाम्रो काँधमा सुम्पिएका छन् । त्यसैले विकसित र समृद्ध खार्पूनाथ गाँउपालिका निर्माण गर्न हामीलाई कुनै वाहानाले छेक्ने छैन।

**उपस्थित महानुभावहरु,**

**यस सम्मानित सभा समक्ष अब म चालु आ.व २०८१।८२ मा भए गरेका उल्लेख्य महत्वपूर्ण उपलब्धीहरु लाई सभा सदस्य समक्ष जानकारी गराउन स्थानीय सरकारको दायित्व हो भन्ने ठानेको छु । तसर्थ, यस सम्मानित सभा समक्ष चालु आ.व मा सम्पन्न भएका मुख्य क्षेत्रगत कार्यक्रमहरुको उपलब्धीहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

कर्ण वहादुर रावल
अध्यक्ष

१. यस आ.व २०८१।८२ मा ९७ वटा आयोजनाहरु छनौट भई ९७ वटा सम्झौता भएकाछन, ३१ वटा आयोजनाहरु सम्पन्न भएकाछन, २ वटा आयोजनाको रनिङ बिल उठेको छ भने ३१ वटा आयोजनाहरुको पेश्की निकासा कार्य भएको छ ।

२. यस आ.व. गाउँपालिकाबाट ५७०० वटा पशुको मेडिकल उपचार, १३२ वटा को वन्ध्याकरण, ४७०० वटा लाई खोप (एचविक्यु, रानीखेत र रेविज) प्रदानगरिएको छ ।

३. यस आ.व मा जम्मा ७८० जनाको जन्मदर्ता, ४६ जनाको मृत्यु दर्ता, १६५ जनाको विवाहदर्ता, १७ जनाको बसाइसराई गरि जम्मा १००८ जनाको अनलाईन घटनादर्ता कार्य सम्पन्नभएको छ । साथै, १०९ जना अन्य जेष्ठनागरिक, २५८ जना अति असक्त अपागं, १३६ जना असहाय एकल महिला, २७ जना पूर्ण अपागं, ३८ जना विधवा महिला, १०२ जना जेष्ठनागरिक, ४९५ जना बालबालिका गरि जम्मा १९१० जनालाई सामाजिक सुरक्षा भत्ता वितरण भएको छ ।

**गाउसभाका सदस्य ज्यूहरु तथा उपस्थित महानुभावहरु,**

अब म खार्पुनाथ गाँउपालिकाको आ व २०८२ ।०८३ को उदेश्य र मुख्य मुख्य नीतिहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**नितिको प्रमुख उदेश्य:-**

- आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरण गर्दै वेरोजगारी, भोकमरीको अन्त्य गर्दै शिक्षा, स्वास्थ्य, खानेपानी र भौतिक पूर्वाधारहरुको विकास गरी यस गाँउपालिकालाई विकासको बाटोमा अघि बढाउनु रहेको छ ।
- गाँउपालिकालाई समृद्ध बनाउनका लागि कृषि, पर्यटन, जडिबुटी र जलश्रोतको समुचित प्रयोग गरी सडक, पुर्वाधार शिक्षा स्वास्थ्य र संचारका क्षेत्रमा प्रभावकारी कार्यक्रम बनाई बजेटको सहि परिचालन गरिनेछ ।

**मुख्य नीतिहरु**

- खार्पूनाथ गाँउपालिकालाई आवश्यक पूर्वाधारहरुको विकास लाइ निरन्तरता दिइ सडक विस्तारलाई प्राथमिकतामा राखिने छ ।

कर्ण बहादुर रावल
अध्यक्ष

- सुन्दर र समृद्ध र पर्यटकिय गन्तव्य युक्त गाँउपालिकाको रुपमा विकास गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
- पर्यटन उद्योगको उच्च संभावना भएको हुँदा पर्यटन पूर्वाधार विकासमा प्राथमिकता दिइनेछ।
- दिगो अर्थतन्त्रका लागि कृषिमा सुधार कार्यक्रमहरु संचालन गरिनेछ । पशुपालन र जडिबुटीजन्य उत्पादनका लागि प्राथमिकतामा राखिनेछ। साथै जडिवुटी संकलनका लागि न्यायिक नियमन गरिनेछ।
- समता समानता र सशक्तिकरणको नितिलाई अबलम्वन गर्दै बालमैत्री, अपाङ्गमैत्री, लैङगिक मैत्री गाँउपालिका निर्माणका लागि पूर्वाधार विकास तथा विभिन्न जनतामुलक कार्यक्रमहरु संचालन गरिनेछ।
- आधुनिक संचार प्रविधिको विकास र विस्तारमा जोड दिइ प्रविधिमैत्री सेवा प्रवाह गरिनेछ।
- गाँउपालिकामा हुन सक्ने भोकमारी तथा खाद्य संकटलाई मध्यनजर गर्दै तत्कालिन तथा दिर्घकालिन राहत तथा खाद्य सुरक्षाका लागि नेपाल सरकार र दातृ निकायहरुसग अनुरोध गरिनेछ।
- आन्तरिक आयलाई वृद्दी गर्न करको दायरा विस्तार गरी समुचित करको दर लगाउने नीति अपनाइने छ।
- युवा स्वरोजगारका लागि रोजगार बैक स्थापना गर्दै एकिकृत रोजगार कार्यक्रम लागु गरिने छ।
- एक वडा एक नमुना वालविकास केन्द्रको अवधारणालाइ मुर्तरुप दिदै क्रमश सबै वालविकास केन्द्रलाइ वालवालिकामैत्रि र सुविधा सम्पन्न वनाइदै लगिने छ।
- यस गाउँपालिकाको हालसम्मको अद्यावधिक बेरुजु रु ७,१८,१८,१९५ कायम रहेको छ । महालेखा परीक्षकको प्रतिवेदनले दिइएको सुझाव अनुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, लेखा समितिको कार्यसञ्चालन कार्यविधि र बेरुजु फर्स्योट कार्यविधिलाई यसै अधिवेशनमा पारित गरी जारी गरिनेछ। आगामी आवमा हालसम्म

कर्ण वहादुर रावल
अध्यक्ष

कायम भएको बेरुजु मध्ये १० प्रतिशत बेरुजु फर्योट गर्नेगरी बेरुजु फर्स्योट वर्षको रुपमा प्राथमिकता दिइनेछ। यसको लागि गाउँसभा अन्तर्गत रहेको सार्वजनिक लेखा समितिलाई नियमानुसार गठन/ पुनर्गठन गरी कृयाशिल बनाइनेछ ।

**आ.व. २०८२/०८३ को लागि श्रोत साधनहरुको अनुमान, तिनका माध्यमहरु र संकलनका रणनितिहरु**

खार्पूनाथ गाँउपालिकाले अर्थ मन्त्रालय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र राष्ट्रिय योजना आयोग र कर्णाली प्रदेश सरकारवाट प्राप्त मार्गदर्शन एवं बजेट सिलिङ, गैर सरकारी कार्यालयहरुको प्राप्त विवरण र बजेट सिलिङका आधारमा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय अनुसार श्रोत साधनको अनुमान गरिएको छ।

**यसैगरी अब म आ.व २०८२/०८३ को लागि विषयगत क्षेत्रका नीति, उदेश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु।**

## १.आर्थिक विकास

**कृषि तथा पशुपन्छी**

- खार्पूनाथ गाँउपालिकाको प्रख्यात फलफुल स्याउ ओखर नासपाति तथा रैथानेवाली र नगदे वाली कागुनो मार्स्या कोदो चिनो फापरसिमि भटमास आलु लगायतका फलफुल तथा तरकारी औषधिजन्य जडिबुटीहरुको उत्पादन बृद्धि गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
- उन्नत जातको पशुपालनका लागि नश्ल सुधार तथा कृतिम गर्भाधारण कार्यक्रममा जोड दिदै उन्नत जातका बाख्रा भेडा पालन मौरीपालन व्यवसायलाई प्रोत्साहन गरिनेछ।
- एक वडा एक उत्पादन कार्यक्रमलाइ प्रथमिकता दिइने छ र लसुन प्याज काउली लगायतका तरकारी उत्पादनमा जोड दिइ वेमौसमी तरकारीलाइ आयआर्जन संग जोडिने छ।

कर्ण वहादुर रावल
अध्यक्ष

- आधुनिक कृषि पद्धतिलाइ प्रचार गरी प्ररम्परागत निर्वाहमुखि खेति प्रणालीलाइ सुधार गरिनेछ।
- बढ्दै गएको जलवायु परिवर्तन लाइ न्युनिकरण गर्न जैविक विविधता संरक्षण कार्यक्रम लागु गरिने छ
- खार्पुनाथ गाँउपालिकालाइ हरित तथा तरकारी, फलफुल जोन गाँउपालिका बनाउन विभिन्न साझेदार दातृनिकयको पहल गरिने छ।
- **आर्गनिक कृषिमा बृद्धि, खार्पूनाथको समृद्धि** भन्ने नाराकासाथ अर्गानिक कृषिमा जोड गरिनेछ।

## उद्योग तथा वाणिज्य

- स्थानीय जडिबुटी तथा कृषि उत्पादनमा आधारित साना तथा घरेलु उद्योगहरुको विकासलाई प्राथमिकता दिइनेछ । स्थानीय स्तरमा रहेका लघु उद्यमीहरूलाइ वित्तीय पहुँचको लागि आवश्यक पहल गरिनेछ । घरेलु उद्धमशिलताको विकास गर्न लिउ फेरुवा र राडी पाखी तथा अल्लो प्रोसोधन तथा बुनाइ कार्यक्रम लाइ विशेष प्रोत्साहन गरिने छ।

## पर्यटन

- गाँउपालिकाका सम्भाव्य पर्यटकीय स्थलहरुको पहिचान तथा विकास गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गरिनेछ।
- पर्यटकीय गन्तव्यको रुपमा रहेको खार्पूनाथ शिवालय, दुधेदह, भिमदुला मालिका लाइ पर्यटकीय पूर्वाधार विकास आयोजना मार्फत पर्यटन प्रवर्द्धनमा जोड दिईने छ।

# २.सामाजिक विकास

## शिक्षा

- खार्पूनाथ गाँउपालिकाभित्र रहेका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न भौतिक तथा प्राविधिक सुविधाको विस्तार गर्न विद्यालय सुधार अनुदान कार्यक्रम संचालन गरिनेछ।

कर्ण वहादुर रावल
अध्यक्ष

- गरिब असहाय र भौगोलिक हिसावले माध्यमिक तह साधारण र प्राविधिक तथा ब्यवसायिक शिक्षको पहँचमा पुग्न नसकेका वालवालिकाका लागि अवासिय सुविधा सहितको छात्रवास संचालन गरिने छ। सामुदायिक विद्यालय सुधार कार्यक्रम मार्फत कक्षाकोठा व्यवस्थापन निशुल्क स्यानिटरी प्याड, पिउने पानीको प्रबन्ध  मिलाइने छ।
- वालविकास केन्द्र तथा विद्यालय कर्मचारीको तलवभत्तामा  राष्ट्रिय मापदण्ड अनुसार  गरिने छ।
- विद्यालय सुचना प्रणाली मोबाइल एप निर्माण गरिने छ र पालिका भरिका सबै बिध्यलयलाई Smart School को अवधारणा लाई मुर्तरुप दिइने छ।
- राष्टपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत संचालन हुने कार्यक्रम न्यायोचित वितरण मा जोड दिने।
- सिता नमुना मा वि मा यस गाँउपालिका वाट संचालन भइरहेको आवासिय छात्रवृति कार्यक्रमलाइ निरन्तरता दिइने छ।
- एक वडा एक आवाशिय  विध्यालयको व्यवस्था गरिनेछ।
- स्थानिय पाठ्यक्रममा गाउँपालिकाको रितिरिवाज, सास्कृतिक भेषभुषा  समेटीने गरी निर्माण गरिने छ।
- विध्यालयको शैक्षिक गुणस्तर सुधार गर्नको लागि समय समयमा प्रभावकारी रूपवाट अनुगमन तथा निरिक्षण गरिने छ।
- शिक्ष्यक सेवा, लोकसेवा आयोग पढ्ने विद्यार्थीहरु लाई आनुदनको व्यबस्ता मिलाइने छ।
- जेहन्दार, अपाङ्ग, दलित, महिला, बिपन्न विद्यार्थीहरु लाई छात्रवृति व्यबस्ता मिलाइने छ।

**स्वास्थ्य**

- सबैलाई स्वास्थ्य,  कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिनेछ।
- अहिले वर्तमान परिवेशमा विपद जन्य महामारीलाई लक्षित गरी सोही अनुसारको कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ। खार्पूनाथ सामुदायिक

कर्ण वहादुर रावल
अध्यक्ष

अस्पतालको लागि आवश्यक पूर्वाधार निर्माणको लागि प्रकृया अगाडि बढाइनेछ। सेवा विस्तारमा जोड दिइनेछ।

- न्युनतम सेवा मापदण्ड तथा राष्ट्रिय चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पुर्वाधार, औषधि, औषधीजन्य सामाग्री औजार तथा उपकरणको यथोचित व्यवस्था गरिनेछ
- सुन्य होम डेलिभरी को सुनिश्चितता गरी सत्केरी आमाका लागि थप प्रोत्साहानको व्यवस्था गरिनेछ।
- पोषणको सुधारका लागि नियमित रुपमा पोषणको लेखाजोखा गरी कुपोषित वालवालिकाहरुका लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
- स्वास्थ्य संस्थाको पहँच भन्दा बाहिर रहेका वस्तिहररुमा स्थापना भएका सामुदायिक स्वास्थ्य इकाइ निरन्तरता गरिने छ।
- संघ र प्रदेश संग समन्वय गरी माध्यमिक विद्यालयमा स्वास्थ्य कर्मीको ब्यवस्थापनमा विशेष पहल गरिने छ।
- यस आ. व. बाट गाँउपालिकाका सवै गर्भवती हरुलाइ बस्ती स्तरमै पुगेर निशुल्क भिडियो एक्सरे सेवा प्रदान गरिने छ।
- यस आ व बाट खार्पुनाथ देखी सिमकोटसम्म जटिल सुत्केरी बेथा लागेका महिला हरुलाइ अस्पताल पुर्याउन निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिने छ। साथै खार्पुनाथ का बासिन्दा हरुलाइ एम्बुलेन्समा ५० प्रतिशत छुटको ब्यवस्था गरिने छ।
- सङ्घीय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसँग तालमेल हुने गरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन थप बजेटको व्यवस्था गरी सर्वब्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिका वासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गरिने छ।
- गाउँपालिका भित्र बसोबासगर्ने गरिव, सिमान्तकृत, शारीरीक रुपले असक्त तथा फरक कार्य क्षमता भएका व्यक्तीहरु तथा पछाडि परेका समुदाय भएका क्षेत्रहरुमा आवश्यकताका आधारमा स्वास्थ्य सेवाको विस्तार गर्दै लगिने छ।

कर्ण बहादुर रावल
अध्यक्ष

- गाउँपालिका भित्र रहेका सबै स्वास्थ्य सस्थाको खानेपानी र बिजुलि जडान गरि ब्यवस्थित गरिने छ।
- गाउँपालिका स्तरको महामारी, रोग नियन्त्रण तथा विपद् व्यवस्थापन आकस्मिक योजना बनाई कार्यन्वयन गरिने छ। साथै महामारी तथा प्राकृतिक प्रकोपको ब्यवस्थापन गर्न पालिका स्तरमा कोष व्यबस्थापनालाई निरन्तर गरिनेछ।
- गाउपालिका अन्तर्गत का ६ वटा स्वास्थ्य संस्था बाट टेलिमेडिसिन सेवा बिस्तार का लागि प्रक्रिया बढाइने छ।
- यस आब २०८२/०८३ मा यस गाउपालिकामा पोषण सुधार का लागि नियमित रुपमा पोषण को लेखा जोखा गरि कुपोषित बालाबलिकाहरु को उपचार गर्न गाउपालिकाले व्यवस्था गर्ने छ
- सुन्य होम डेलिभरि (पुर्ण सस्थागत सुत्केरि) सुनिश्चितताको कार्यक्रमलाइ नियमितता दिइने छ।
- गाउँपालिकाका स्वास्थ्य सस्थाहरूबाट शनिबारिय सेवा र घर दैलो स्वास्थ्य सेवा लाइ निरन्तरता दिइने छ।
- पूर्णखोप दिगोपना सुनिस्चितता कार्यक्रमलाइ निरन्तरता दीइने छ।
- उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मिर्गौला, मानसीक स्वास्थ्य लगाएतका नसर्ने रोगको पहिचान परीक्षण र उपचारका कार्यक्रमहरु प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाइनु का साथै दिर्घ रोगीहरु का लागि निसुल्क औसधि उपलब्ध गराइने छ।
- खार्पूनाथ गाउँपालिका लाई पोषण यूक्त गाउँपालिका घोषणका लागी आबश्यक कार्यक्रम संचालन गरिने छ।

## खानेपानी तथा सरसफाई

- सफा खानेपानी तथा पुर्ण सरसफाईका लागि विशेष ध्यान दिईनेछ।
- गांउपालिकाको समग्र खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको अबस्था सुनिश्चितता, विष्लेषण तथा योजनानिर्माणका लागिसवैका

कर्ण बहादुर रावल
अध्यक्ष

लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजान (SUSWA) वाट कार्यक्रम संचालन गरिने छ।

- गाउँपालिकामा आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराई ९५ प्रतिशतलाई स्वच्छ खानेपानी सुविधा उपलव्ध गराउन विशेष पहल गरिनेछ।
- सरसफाइ अन्तर्गत यस गाँउपालिका भित्रका सम्पुर्ण वस्तीमा शौचालय सुधार कार्यक्रमका लागि विभिन्न निकायमा विशेष पहल गरिने छ।

## सस्कृति प्रवर्द्धन

- भाषा साहित्य कला र सस्कृति संरक्षण र सम्बर्द्धनमा विशेष ध्यान दिइने छ। यससँग सम्बन्धित विभिन्न कार्यक्रमहर संचालन गरिनेछ।
- गाँउपालिकामा रहेका गुम्बा मठ मन्दिरहरुको पहिचान संरक्षण एंव सम्बर्द्धनका लागि जोड दिइनेछ।
- स्थानिय चाडपर्वलाइ विशेष मेला अवसरका रुपमा प्रवर्धन गर्न विभिन्न साँस्कृतिक महोत्सव गरिनेछ
- लैङ्गिक समानता एंव समाजिक समावेशीकरण महिला बालबालिका दलित तथा उत्पिडित जनजाती विपन्न सिमान्तकृत अपाङ्ग एंव पछाडी परेका वर्गलाई लक्षित कार्यक्रमहरु उनिहरुबाटै संचालन गर्न उत्प्रेरित गरिनेछ। राष्ट्रिय मुलप्रवाही करणको नीति अवलम्बन गरिनेछ।
- मानव वेचविखन घरेलु हिंसा बालश्रम छुवाछुत तथा सामाजिक कुरीतीको रुपमा रहेका प्रथाहरुको सबै पक्षहरुको सहयोगमा न्युनिकरणको प्रयास खोजिनेछ।
- क्रमश वालमैत्री वडा घोषणा गर्दै आगामी ३ बर्ष भित्र पुर्ण वालमैत्री गाउँपालिका घोषणा गरिनेछ।
- महिला बालबालिका दलित अपाङ्ग जेष्ठ नागरिक असहाय र एकल महिलाहरुको सामाजिक सुरक्षा र मानव अधिकार सम्बन्धी सचेतना कार्यक्रम

कर्ण वहादुर रावल
अध्यक्ष

सञ्चालनमा सामाजिक संघ संस्थाहरुलाई परिचालन गरिनेछ । खेलकुद विकासको लागि खेलकुद सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गरि खेलकुद मैदान बनाइने छ ।

**लैङ्गिक समानता एंव समाजिक समावेशीकरण**

- लैगिक हिंसा विरुद्धको शुन्य सहनशीलताको नीति अवलम्बन गरिने छ । लैगिंक समानता र सामाजिक समावेशीकरण रणनीतिको अद्यावधिक गरी कार्यानवयनमा ल्याईने छ । गाँउपालिकाको नीति, कार्यक्रम र बजेटको लैगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्ने वार्षिकरुपमा व्यवस्था मिलाईने छ । समाजमा पछाडी परेका वर्ग समुदायको विकासमा मुलप्रवाहीकरणका लागी क्षमता विकासका कार्यक्रम र सशक्तिकरण गरि मुलप्रवाहीकरण गरिने छ ।
- मानव वेचविखन घरेलु हिंसा बालश्रम छुवाछुत तथा सामाजिक कुरीतीको रुपमा रहेका प्रथाहरुको सबै पक्षहरुको सहयोगमा न्युनिकरणको प्रयास खोजिनेछ ।
- खार्पुनाथ गाँउपालिकालाइ पुर्ण वालविवाह मुक्त गाँउपालिका घोषणा गरिने छ क्रमश वालमैत्री वडा घोषणा गर्दै आगामी ३ बर्ष भित्र पुर्ण वालमैत्री गाउँपालिका घोषणा गरिनेछ ।
- ग्रामीण एकिकिर्त विकास सेवा नेपालको सहयोगमा खार्पुनाथा गाउपलिका वडा न ४ को लेख र वडा न. ५ को दुर्पामा ग्रिनहाउस र फलामे चुलो बितरण कार्यक्रम लागु गरिने छ ।
- **कपडा बैंक र खार्पुनाथ गाउँपालिकाको सहकार्यमा कपडा बैंक स्थापना गरिने छ** ।

# ४. पूर्वाधार विकास

- गाउँपालिका क्षेत्र भित्रका बाटो, सिँचाइ, कुलो, नहर, पुल, सार्वजनिक भवन लगायतका पूर्वाधारहरुको लगत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) मा राखिने छ र पूर्वाधारहरुको नियमित मर्मत सम्भार तथा स्तरोन्नति गर्न गाउँपालिकामा रहेको मर्मत सम्भार कोषको व्यवस्थापन उच्चतम तवर गरिने छ ।

कर्ण बहादुर रावल
अध्यक्ष

- स्थानीय विकासको लक्ष्य हासिल गर्न स्थानीय पूर्वाधार सहयोग कार्यक्रम लगाएत अन्य कार्यक्रम संग समन्वय, सहकार्य र साझेदारीको अवधारणा मार्फत स्थानीय विकास निर्माण प्रक्रियामा सह-लगानी ( Co-Finance) को नीति अवलम्बन गरिने छ साथै स्थानीय पुर्वाधार विकास प्रक्रियामा सुधारियको विधि ( Improvement Modality ) अवलम्बन गरिने छ।

## सडक तथा पुल

- खार्पूनाथ गाउँपालिकाको पाँच वर्षे आवधिक योजना निर्माण भइ कार्यान्वयन चरणमा रहेको र अन्य क्षेत्रगत गुरुयोजनाहरु एवं नीतिहरु आवश्यकता अनुसार तयार गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका सडकहरु व्यवस्थित मोटरेवल पुल बनाउन गाउँ यातायात गुरुयोजना (Rural Transport Master Plan-RTMP) तयार गरी सडक नामाकरण समेत गरिने छ ।
- खार्पूनाथ गाउँपालिकावाट संचालित आयोजनाहरू सुधारिएको उपभोक्ता समिति मार्फत गाँउपालिका भित्रका सम्पुर्ण निर्माण कार्य संचालन तथा सम्पन्न गराउन एकद्वार प्रणाली लागु गराउन पहल गर्ने।

## भवन तथा सहरी विकास

- निर्मित वडा कार्यालय र स्वास्थ्य चौकीहरु लाइ सुविधा युक्त वनाइने छ।
- विद्यालयहरुका भवन निर्माण गर्न आवश्यकता अनुसार उच्च प्राथमिकता दिइनेछ।
- संभाव्य स्थानमा एकिकृत बस्ती विकासको कार्यक्रम संचालनमा पहल गरी ४ वर्ष भित्र सुरक्षित आवास पुरा गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्रका भबन निर्माण आचार संहित निर्माण गरिने छ।
- गाँउपालिका भित्रका सार्वजनिक सेवाप्रदायक सँस्थाको भवन तथा संरचनालाई व्यवस्थित गरिने छ ।
- ५ बर्ष भित्र खार्पुनाथ गाँउपालिकाको प्रशासकिय भवन तथा ५ शैयाको अस्पताल निर्माण गर्न विषेश जोड दिइने छ।

कर्ण वहादुर रावल
अध्यक्ष

- लघु जलविद्युत योजनाहरुको लागि विभिन्न सरोकार वालाहरुसँग साझेदारीमा जोड दिइनेछ

## संचार

- खार्पुनाथ गाँउपालिका भित्र सुचना सन्चारको पँहुच भन्दा बाहिर रहेका बस्तिका लागि 4G सहितको नेपाल टेलिकमको टावर आगामी यस आ.व. भित्र स्थापना गर्न पहल गरिने छ।
- व्यवस्थित टेलिफोन तथा इन्टरनेट सेवाका लागि सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराईनेछ
- विकाससँग सञ्चार र सञ्चारसँगै विकासको अवधारणा आत्मसाथ गरिनेछ।

## ५.वातावरण तथा विपद व्यवस्थापन

- वन तथा भु-संरक्षण जलाधार संरक्षण वातावरण संरक्षण जलवायू परिवर्तन भुमि र वनक्षेत्रलाई संरक्षण र विकासका लागि वृक्षारोपणका तथा भु-संरक्षणका कार्यक्रम तथा क्रियाकलापहरु संचालन गरिनेछ।
- जडीबुटी खेतीलाइ जोड दिइनेछ।
- दुर्लभ पशुपंक्षि एंव वन्यजन्तुको समुदायमा आधारित संरक्षण प्रणाली अबलम्वन गरिनेछ।
- जलवायू परिवर्तन अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ।
- हरित उत्थानशिल समावेशिकरण विकास र दिगोविकासका अवधारणलाइ ध्यानमा राखी विकास निर्माण कार्यमा विशेष जोड दिइनेछ।
- पानीका मुहान तालतलैया तथा कुलकुलेसाहरु संरक्षण तथा व्यवस्थित गरिनेछ। कटान भएका क्षेत्र संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिता दिइनेछ।

## ६. संस्थागत विकास तथा सेवा प्रवाह

- मानव संसाधन तथा संस्थागत क्षमता विकासमा गाँउपालिकाको समग्र विकासका लागि विभिन्न तालिम गोष्ठी भ्रमण अध्ययन अनुसन्धान जस्ता कार्यहरुमा जोड दिइनेछ।

कर्ण बहादुर रावल
अध्यक्ष

- स्थानीय सीप श्रोत साधन र क्षमताको अधिकतम उपयोग गर्न विभिन्न सरोकारवाला संघ संस्थाहरुसंग साझेदारीमा विशेष जोड दिइनेछ।
- जनप्रतिनिधि तथा कर्मचीहरुको क्षमता विकासका लागि विभिन्न परियोजना कार्य र जिम्मेवारी दिइने छ।
- संस्थागत पूर्वाधार नागरिक वडापत्र तथा टोकन प्रणाली गाँउपालिकाभित्र अपाङ्ग असहाय बालमैत्री र लैङ्गिकमैत्री पूर्वाधारहरुको निर्माण तथा मर्मत सुधार गरिनेछ। साथै तिनिहरुको लागि सेवाप्रवाहमा विशेष सहुलियत दिइनेछ।
- स्पष्ट र उपयोगी इलोक्ट्रोनिक/ कम्प्युटराइज नागरिक वडापत्रको प्रयोगमा जोड दिइनेछ।
- सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधीको प्रयोग गरि सेवा प्रवाहका सम्पूर्ण कार्यहरु कम्प्यूटर र इन्टरनेट प्रणाली मार्फत गरिनेछ।
- सेवा प्रदायक र सेवाग्राहीहरु प्रविधिमैत्री बनाउन विभिन्न तालिम तथा संचारका कार्यक्रमहरु संचालन गरिनेछ।
- व्यक्तीगत घटना दर्ता कार्यक्रम लाइ सुधार गरी शत प्रतिशत घटना दर्ता अनलाइन गर्ने।
- वित्तिय व्यवस्थापन र सुशासन  राजस्व परिचालन वित्तिय अनुशासन र वित्तिय जोखिम न्युनिकरण गरिनेछ।
- संचित कोषबाट हुने तलबभत्ता लगायत सबै सरकारी भुक्तानी सम्बन्धीत व्यक्ति तथा संस्थाको बैङ्क खाता मार्फत मात्रै गरिनेछ।
- आर्थिक मितव्ययीतालाई जोड दिंदै सुशासन अभिवृद्धिमा जोड दिइनेछ।
- विभिन्न करका क्षेत्रहरु पहिचान गरी नियमानुसार राजस्व संकलन गरिनेछ।
- हालसम्म बक्यौदा रहेको मालपोत शुल्क बैंक मार्फत अनिवार्य असुल गरिने छ
- गाउँपालिकाको आवधिक योजना(Periodic Plan) अध्यावधिक गरिनेछ।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) निर्माण गरिने छ।
- वालवालिकाको बस्तुगत विवरण (Child profile) गरिने छ।
- गाउँपालिकाको बस्तुगत विवरण लाई अध्यावधिक गरिने छ।

कर्ण वहादुर रावल
अध्यक्ष

अन्तमा खार्पुनाथ गाउपालिका को गाउसभा तथा बजेट अधिवेसन सफलतापुर्वक सम्पन्न गर्न अहोरात खट्ने उपाध्यक्ष ज्यू, वडा अध्यक्षज्यूहरु, गाउकार्यपालिका सदस्यज्यूहरु तथा कर्मचारी साथीहरुलाइ हृदय देखि धन्यवाद दिदै अव आर्थिक वर्ष २०८२/०८३ को लागि आबस्यक आर्थिक ऐन २०८२, बिनियोजन ऐन २०८२, मध्यम कालिन खर्च संरचना २०८२, लगायत गाउपालीका का लागि चाहिने कार्यविधि ऐन नीति र आ.ब. २०८२\०८३ को बजेट तथा कार्यक्रम सम्बन्धि विधेयक सभामा प्रस्तुत गर्ने कार्य प्रारम्भ भएको छ।

कर्ण वहादुर रावल
अध्यक्ष

# खार्पूनाथ गाउँपालिकाको
## आय व्ययको विवरण
आ.व.२०८२/२०८३

रु. हजारमा

| शीर्षक | गत आ.व. २०८०/ ०८१ को यथार्थ | चालु आ.व. २०८१/०८२ को संशोधित अनुमान | आ.व.२०८१/०८२ को अनुमान |
|---|---|---|---|
| **आयः** | | | |
| **राजस्वः** | | | |
| आन्तरिक राजस्व | | | |
| राजस्व बाँडफाँडबाटप्राप्त रकम | | | |
| अन्य आय | | | |
| **अन्तर सरकारी वित्तीयहस्तान्तरण** | | | |
| नेपाल सरकारबाटप्राप्त | | | |
| प्रदेश सरकारबाटप्राप्त | | | |
| अन्तर स्थानीय तहबाटप्राप्त | | | |
| **जनसहभागिताः** | | | |

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगतसहायता | | | |
| **व्ययः** | | | | |
| | चालु खर्च | | | |
| | पूँजिगतखर्च | | | |
| | | | | |
| **बजेट बचत (+)/न्यून (-)** | | | | |
| **वित्तीय व्यवस्था** | | | | |
| | **खुद ऋण लगानी** | | | |
| | ऋण लगानी (-) | | | |
| | ऋण लगानीको सावाँफिर्ता प्राप्ती (+) | | | |
| | | | | |
| | **खुद शेयर लगानी** | | | |
| | शेयर लगानी (-) | | | |
| | शेयर बिक्रीबाट लगानीफिर्ता प्राप्ती (+) | | | |

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | **खुद ऋण प्राप्ती** | | | |
| | ऋणको साँवा भुक्तानी (-) | | | |
| | ऋण प्राप्ती (+) | | | |
| **अन्तिम बजेट बचत (+)/न्यून (-)** | | | | |

कर्ण बहादुर रावल
अध्यक्ष

# खार्पूनाथ गाउँपालिकाको

## राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व.२०८२/०८३

रु. हजारमा

| | शीर्षक | गत आ.व.२०८०/ ०८१ को यथार्थ | चालु आ.व. २०८१/ ०८२ को संशोधित अनुमान | आ.व.२०८२/०८३ को अनुमान |
|---|---|---|---|---|
| | राजस्वः | | | |
| | आन्तरिक राजस्वः | | | |
| | सम्पत्ति कर | | | |
| | अन्य सेवा शुल्क तथा बिक्री | १६३५८७। | १७००००। | १८००००। |
| | परिक्षा शुल्क | २५०००। | २५०००। | ३००००। |
| | सिफारिस दस्तुर | ३०००००। | ३२००००। | ३५००००। |
| | अन्य दस्तुर | १०००००। | ८००००। | १२००००। |
| | भुमिकर/मालपोत | ६५०००। | ६००००। | ८००००। |

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | व्यपसायी रजिष्टेशन दस्तुर | ३०००००। | २९००००। | ३२००००। |
| | घरवहाल कर | १२३०००। | १२५०००। | १३००००। |
| | वहाल विटौरी कर | 0 | 0 | २००००। |
| **राजस्व बाँडफाँडः** | | | | |
| | बाँडफाँड भई प्राप्तहुने मूल्य अभिबृद्धि कर | ४४६३१२१९।७६। | ४१००००००। | ५२५२२३२७। |
| | बाँडफाँड भई प्राप्तहुने अन्त शुल्क | १६१०६५८३।९४। | १५००००००। | १९०७७६७३। |
| | वन रोयल्टी | | | |
| | खानी रोयल्टी | | | |
| | जलस्रोत रोयल्टी | | | |
| | पर्वतारोहण रोयल्टी | | | |
| | पदयात्रा रोयल्टी | | | |
| | पर्यटन सेवा शुल्करोयल्टी | | | |
| **अन्य आयः** | | | | |

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | साविक स्थानीयनिकायबाट हस्तान्तरण भई प्राप्त रकम | | | |
| | बेरुजु असुली | | | |
| | गत वर्षको नगद मौज्दात | | | |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरणः** | | | | |
| | **नेपाल सरकारबाटप्राप्त अनुदानः** | | | |
| | वित्तीय समानीकरण अनुदान | ६७७१००००। | ५२६१८१०० | ७१२००००० |
| | सशर्त अनुदान | १८२२९१८४८।१८ | १७०००००००० | १८७८००००० |
| | समपूरक अनुदान | ० | | ० |
| | विशेष अनुदान | ३२८६९५२। | ० | ० |
| | **प्रदेश सरकारबाटप्राप्त अनुदानः** | | | |
| | वित्तीय समानीकरणअनुदान | ६४१४०००। | ६४१३००००। | ६४०५०००। |
| | सशर्त अनुदान | ८२०४००००। | ३३२३५०००। | ३१५२५०००। |
| | समपूरक अनुदान | ० | २९००००० | ० |
| | विशेष अनुदान | ५९९६४९९।७३ | ० | ० |
| | **अन्य स्थानीय तहबाटप्राप्त अनुदानः** | | | |

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | सशर्त अनुदान | 0 | 0 | 0 |
| | समपूरक अनुदान | 0 | 0 | 0 |
| | विशेष अनुदान | 0 | 0 | 0 |
| | | | | |
| **जनसहभागिताः** | | | | |
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगतसहायता | | | |

नोट- राजस्वकाशिर्षकहरु नेपाल सरकारवाट स्वीकृत राजश्व संकेत तथा वर्गिकरण र व्याख्या बमोजिमउल्लेख गर्ने हुनेछ ।

कर्ण बहादुर रावल
अध्यक्ष

खार्पुनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाङ्खुबजार, खार्पुनाथ, हुम्ला
कर्णाली प्रदेश, नेपाल

# खार्पूनाथ गाउँपालिकाको

## व्यय अनुमान

## आ.व.२०८१ /०८२

रु. हजारमा

| शीर्षक | | गत आ.व.२०७९ / ०८० कोयथार्थ | चालु आ.व. २०८०/०८१ को संशोधित अनुमान | आ.व.२० ८१ /०८२ को अनुमान | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तरसरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेशसरकार | स्थानीयतह | | |
| चालु खर्च | | | | | | | | | | |
| | पारिश्रमिक / सुविधा | १०५३९६४५९।९८ | ८०५९७७९१। | | | | | | | |
| | करार सेवा शुल्क | २४१९७०५४। | १९७०००००। | | | | | | | |
| | बिबिध खर्च | ६४८४६७३। | २२८३५५०। | | | | | | | |
| | पानी बिजुली | ६१५५२९। | १५००००। | | | | | | | |
| | पोशाक | ३३००००। | ४२००००। | | | | | | | |
| | संचार महशुल | २१३२०७८। | १३५००००। | | | | | | | |

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ईन्धन | २०००००। | ०। | | | | | | | |
| | मेसीनरी तथा औजार मर्मत सम्भार | ४६१८०५। | १२००००। | | | | | | | |
| | स्थानीय भत्ता | १८७३७३६। | २२०५५९७। | | | | | | | |
| | महंगी भत्ता | ३१३०००। | ४४८०६६। | | | | | | | |
| | फिल्ड भत्ता | १०६८०००। | ०। | | | | | | | |
| | कर्मचारीको बैठक भत्ता | ५१७१००। | ३१०७५०। | | | | | | | |
| | मर्मत सम्भार | २७६१७६। | ०। | | | | | | | |
| | मसलन्ध तथा कार्यालय समाग्री | ३७७८६६२। | २२४२११८। | | | | | | | |
| | पदाधिकारी भत्ता तथा अन्य सुविधा | ४९०८०००। | ३९९१५००। | | | | | | | |
| | पदाधिकारी बैठक भत्ता | १८४२०००। | ८७९०००। | | | | | | | |
| | पुस्तक तथा समाग्री खर्च | ९०००००। | ० | | | | | | | |
| | अन्य ईन्धन | ४८००००। | ० | | | | | | | |
| | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | १५००००। | ७६५५१८। | | | | | | | |
| | अन्य कार्यालय संचालन | १४८००००। | ० | | | | | | | |

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | खर्च | | | | | | | | |
| | सिप विकासमा | २५०००० । | ४२९११३ । | | | | | | |
| | कार्यक्रम खर्च | ७४३२०४५८ । | ४१५१८१६५ । | | | | | | |
| | विविध कार्यक्रम खर्च | २९३२२३१ । | ४८९५९९७। | | | | | | |
| | अनुगमन मुल्याङन खर्च | ७४०७२५ । | ५३८४०० । | | | | | | |
| | भ्रमण खर्च | १२२८१४० । | ८८३००० । | | | | | | |
| | अन्य भ्रमण खर्च | १२०००० । | ० | | | | | | |
| | सभा संचालन खर्च | १९८५०० । | ० | | | | | | |
| | शैक्षिक संस्था साहायता | ३४२५०० । | ० | | | | | | |
| | छात्रबृर्दि | ६००००० । | ९५०००० । | | | | | | |
| | बिपदमा | २६६४००० । | १८६४६५० । | | | | | | |
| | औषधि खरिद | १७३६०८० । | २३२२३०८ । | | | | | | |
| | घरभाडा | ३७५००० । | ० | | | | | | |
| | सवारी साधान तथा मेसीनरी भाडा | ७६६००० । | ७५०००० । | | | | | | |
| | राजश्व फिर्ता | ८००००० । | | | | | | | |

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्य फिर्ता | २९५०४९४। | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | भवन खरिद | ११८६७१४३। | ६०५००००। | | | | | | | |
| | भवन निर्माण | १३५००००। | ० | | | | | | | |
| | निर्मित भवनको संरचनात्मक सुधार खर्च | १००००००। | ४५०००। | | | | | | | |
| | फर्निचर तथा फिक्चर्स | ३०१९११८। | ३३३१२५। | | | | | | | |
| | सवारी साधन तथा मेशिनरी औजार | ६९८२९६५। | ७१४१३१। | | | | | | | |
| | सवारी साधन | २०००००। | ० | | | | | | | |
| | जग्गा प्राप्ती खर्च | ८०००००। | ० | | | | | | | |
| | **अन्य पूँजीगत खर्च** | २४९०१९८। | ० | | | | | | | |
| | सिचाई संरचना निर्माण | ४५०००००। | १८४२०००। | | | | | | | |
| | खानेपानी संरचना | ६४९९७८९। | ६९७२५००। | | | | | | | |

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | निर्माण | | | | | | | | | |
| | सार्वजनिक निर्माण | ७९५६८३५०। | २०४४९८६४। | | | | | | | |
| | सडक तथा पूल निर्माण | ३३४७८५७५। | ४६१३४३० | | | | | | | |
| | सरसफाई संरचना निर्माण | ५९९६४९९। | ० | | | | | | | |
| | बिधुतिय संरचना निर्माण | १०७०००००। | ९१३०२५ | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| स्थानीयतहले गर्ने अन्य पुँजीगत खर्चका शिर्षकहरु आवश्यकता अनुसार यसै गरि उल्लेखगर्ने। | | | | | | | | | | |

## वित्तीय व्यवस्था अनुमान

आ.व.२० /

रु. हजारमा

| शीर्षक | आ.व.२० /को यथार्थ | आ.व.२० / कोसंशोधित अनुमान | आ.व२० / कोअनुमान |
|---|---|---|---|

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| **वित्तीय व्यवस्थाः** | | | | |
| | **खुद ऋण लगानी** | | | |
| | ऋण लगानी (-) | | | |
| | ऋण लगानीको सावाँफिर्ता प्राप्ती (+) | | | |
| | | | | |
| | **खुद शेयर लगानी** | | | |
| | शेयर लगानी (-) | | | |
| | शेयर बिक्रीबाट लगानीफिर्ता प्राप्ती (+) | | | |

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | खुद ऋण प्राप्ती | | | |
| | ऋणको साँवा भुक्तानी (-) | | | |
| | ऋण प्राप्ती (+) | | | |

# खार्पूनाथ गाउँपालिका

## कार्य क्षेत्रगत व्यय अनुमान

आ.व.२०८१ /०८२

रु.हजार मा

| संकेत नं. | शीर्षक | गत आ.व.२०७९ / ०८० | चालु आ.व. | आ.व.२०८१ | श्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरि | अन्तरसरकारी वित्तीय हस्तान्तरण | ऋ | जनसहभागिता |

कर्ण बहादुर रावल
अध्यक्ष

| | | कोयथार्थ | २०८०/०८१ को संशोधित अनुमान | /०८२ को अनुमान | क श्रोत | नेपाल सरकार | प्रदेशसरकार | स्थानीयत ह | ण | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | **आर्थिक विकास** | | | | | | | | | |
| १०१०० | कृषि | १०९६५५०८। | | | | | | | | |
| १०२०० | उद्योग तथा वाणिज्य | ३००००००। | | | | | | | | |
| १०३०० | पर्यटन | ११५३१९९१। | | | | | | | | |
| १०४०० | जलस्रोत तथा सिचाई | ५१५०००। | | | | | | | | |
| १०५०० | वित्तीय क्षेत्र | ०। | | | | | | | | |
| | पशुपन्छि विकास | १७८७१२३। | | | | | | | | |
| २० | **सामाजिक विकास** | | | | | | | | | |
| २०१०० | शिक्षा | १३५०४६७९१ । | | | | | | | | |
| २०२ | स्वास्थ्य | ४४०१५१४५ | | | | | | | | |

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ० | | । | | | | | | | | |
| २०३०| खानेपानी तथा सरसफाइ | १६०९१२८८। | | | | | | | | |
| २०४० | संस्कृति प्रवर्द्धन | १९००००। | | | | | | | | |
| २०५० | खेलकुद तथा मनोरञ्जन | १३७६३८५। | | | | | | | | |
| २०६० | लैगिक समानता तथासामाजिक समावेशीकरण | १९०००००। | | | | | | | | |
| | जनसंख्या तथा वसाई सराइ | १२५२२०४। | | | | | | | | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | ५६००००। | | | | | | | | |
| **३०** | **पूर्वाधार विकास** | | | | | | | | | |
| ३०१० | स्थानीय सडक, पुल तथाझोलुङ्गेपुल | ५१२६१२३५। | | | | | | | | |
| ३०२० | सम्पदा पूर्वधार | २३९४३७७। | | | | | | | | |
| ३०३० | भवन तथा सहरी विकास | ५६१३९७८। | | | | | | | | |
| ३०४० | उर्जा, लघु तथा सानाजलविद्युत (वैकल्पिक उर्जा समेत) | १२९४९९१२। | | | | | | | | |
| ३०५० | पुन निर्माण | १३३७६३५४। | | | | | | | | |

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| ४० | **वातावरण तथा विपद व्यवस्थापन** | | | | | | | | | |
| ४०१० | वन तथा भु-संरक्षण | ९००००० | | | | | | | | | |
| ४०२० | जलाधार संरक्षण | ० | | | | | | | | |
| ४०३० | वातावरण संरक्षण, जलवायु परिवर्तन | ० | | | | | | | | |
| ४०४० | फोहरमैला तथा ढलव्यवस्थापन | ० | | | | | | | | |
| ४०५० | जलउत्पन्न प्रकोपनियन्त्रण | | | | | | | | | |
| ४०६० | विपद व्यवस्थापन | २६८४००० | | | | | | | | | |
| ४०७० | वारुण यन्त्र सञ्चालन | ० | | | | | | | | |
| | | | | | | | | | | |
| ५० | **संस्थागत विकास, सेवा प्रवाहर सुशासन** | | | | | | | | | |
| ५०१० | योजना तर्जुमा तथा कार्न्वयन | २००००० | | | | | | | | | |
| ५०२० | श्रम तथा रोजगार | १००७७७६४ | | | | | | | | | |

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५०३० | गरिवि निवारण | ४५०००० । | | | | | | | | |
| ५०४० | कानुन तथा न्याय | १०००००० । | | | | | | | | |
| ५०६० | सुशासन प्रवर्द्धन | १२५०००० । | | | | | | | | |
| ५०७० | कार्यालय संचालन तथा प्रशासनिक | ६६०१८१११ । | | | | | | | | |
| ५०८० | अन्यत्र वर्गिकृतनभएको | ७९००००० । | | | | | | | | |

## वार्षिक विकास कार्यक्रम

आ.व.२० /

संकेत नं./विषयगतशिर्षकः _--------------- रु. हजारमा

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तरसरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेशसरकार | स्थानीयतह | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |

कर्ण बहादुर रावल
अध्यक्ष

खार्पुनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
याङ्चुबजार, खार्पुनाथ, हुम्ला
कर्णाली प्रदेश, नेपाल

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| १० | | | | | | | | | | |
| ११ | | | | | | | | | | |
| १२ | | | | | | | | | | |
| १३ | | | | | | | | | | |
| १४ | | | | | | | | | | |
| १५ | | | | | | | | | | |
| १६ | | | | | | | | | | |
| १७ | | | | | | | | | | |
| १८ | | | | | | | | | | |
| १९ | | | | | | | | | | |
| २० | | | | | | | | | | |

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | | | | | | | | |

पुनश्चः स्थानीयतहबाट सञ्चालन गरिने सबै कार्यक्रमहरुलाई क्षेत्रगत/विषयगत आधारमा छुट्टाएरप्रत्येक विषय (जस्तैः कृषि, शिक्षा, स्वास्थ्य, सडक) को अलग अलग विवरण तयारगर्नु पर्नेछ ।

कर्ण बहादुर रावल
अध्यक्ष